STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ २० गते बिहीबार ❑ 3 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## देउवाद्वारा तराईलाई मरुभूमि बनाउने नीति फिर्ता गर्न माग

**रासस**
**काठमाडौं, १९ जेठ**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सरकारले बजेट वक्तव्यमार्फत चुरे दोहनलाई मार्गप्रशस्त गर्न लिएको नीतिलाई आफ्नो पार्टीले गम्भीर रूपमा लिएको जनाएका छन् ।

उनले बुधबार एक वक्तव्यमार्फत विगतमा चुरे क्षेत्रबाट ढुङ्गा, गिटी, बालुवा उत्खनन् गरिंदा त्यसले पानीका स्रोतहरु सुक्न थालेको, भू-क्षय बढेको र समग्रमा पर्यावरणलाई गम्भीर असर परेको अध्ययन विश्लेषण गरिएको उल्लेख गरेका छन् ।

उनले विगतका गल्ती सच्याएर अघि बढ्न निश्चित गरिएको नीतिलाई विस्थापित गरेर पुनः दोहनलाई प्रोत्साहन गर्नु सामान्य गल्ती मात्र नभई प्रकृतिविरुद्धको अपराध र तराई-मधेसलाई भविष्यमा मरुभूमीकरण गर्ने गम्भीर षड्यन्त्र हो भनेका छन् । कांग्रेसका तत्कालीन सभापति सुशील कोइरालाको नेतृत्वमा रहेको सरकारले 'राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समिति' गठन गरेर चुरे क्षेत्रको दोहन रोक्न र चुरे संरक्षण गर्न विकास समितिमार्फत विभिन्न मापदण्ड निर्धारण गरेको थियो । तत्कालीन सरकारले ढुङ्गा, गिटी, बालुवा उत्खनन् र निकासीमा रोक समेत लगाएको थियो । सभापति देउवाले भनेका छन्, "सो नीति र निर्णयलाई विस्थापित गर्दै 'व्यापार घाटा न्यूनीकरण गर्न' भन्ने नारा दिएर ढुङ्गा, गिटी, बालुवा निकासीको कार्यक्रम ल्याउनु 'खरानीको व्यापार गर्न घर जलाए जस्तो' मात्रै हो ।" मुलुकले बर्सौंदेखि ब्यापार घाटा ब्यहोरिरहेको तर त्यसलाई न्यून गर्न या सन्तुलनमा ल्याउन तराई-मधेस र समग्र देशलाई नै दीर्घकालीन असर पर्ने कदम चाल्नु किमार्थ स्वीकार्य हुन नसक्ने र त्यो नै उचित विकल्प नभएको उनका भनाइ छ ।

## पोखरा २३ को वाम्दीमा खेल मैदान निर्माण सुरु

### स्थानीय श्रोत साधन प्रयोग गरेर खेल मैदान निर्माण गर्न राखेप सदस्य गुरुङको सुझाव

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ जेठ**

पोखरा महानगरपालिका २३ स्थित वाम्दीमा खेल मैदान निर्माण कार्य सुरु भएको छ ।

राष्ट्रिय खेलकुद परिषदबाट वाम्दीमा हाल सेभेन ए साइड फुटवल मैदान सहितको भौतिक संरचान निर्माणको लागि १० लाख आउने भएसंगै आफुहरुले खेल मैदान निमार्ण कार्यमा जुटेको वाम्दी खेल मैदान निर्माण उपभोत्ता समितिका सचिव प्रेम प्रसाद पराजुलीले बताए । कोरोनाको कारण पोखरामा हाल निषेधाज्ञा जारी भएको अबस्थामा पनि खेल मैदान गर्ने अभियानमा आफुहरु लागेको उनले जनाए ।



पोखरा २३ को वडा कार्यालयसंगै रहेको उक्त खेल मैदान निर्माणले पोखरा २३, पोखरा २४ का धेरै युवा लाभान्वित हुने भएको सचिव पराजुलीले बताए । हाल सेभेन ए साइड फुटवलको मैदान सहित केही भाग कटिङ गरी पर्खाल लगाउने भएको उनले जनाए ।

यसैबिच, राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले उक्त क्षेत्रमा खेल मैदान आवश्यक भएको बताउदै गण्डकी प्रदेशको राजधानिमा आगामी बर्ष हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको कुनै एक खेल संचालन गर्न सकिने समेत बताए । आफुहरु हाल कोरोनाको आवश्यक स्वास्थ्य मापदण्ड पालना गर्दै खेलकुदका भौतिक संरचनालाई निरन्तरता दिएको उनले जनाए । उनले भने "आउदो बर्षमा हामीले नवौं राष्ट्रिय खेलकुद पोखरा सहितको क्षेत्रमा केन्द्रित हुने गरी गर्ने हुदा खेलकुद मौदान र खेलकुदको भौतिक संरचनालाई अब धमाधम निर्माण गर्नु पर्छ ।" स्थानिय श्रोत साधनलाई प्रयोग गरेर खेल मैदान सहित पर्खाल निर्माण गर्न उनले सुझाव दिए ।

पोखरा २३ का वडा अध्यक्ष बिष्णु प्रसाद पराजुलीले पोखराको मुख्यबजार देखि अब वडा कार्यालयसम्म पिच सडक हुने भएकोले गर्दा उक्त क्षेत्रमा खेलमैदान निर्माण गर्न सके धेरै युवाहरु लाभान्वित हुने दाबी गरे ।

जिल्ला खेलकुद विकास समितिका सचिव भिम पराजुलीले खेल मैदानको अभावमा बाम्दीका युवाहरु फेवातालको माफिल्लो भाग फेवाफाँटमा खेल्न जाने गरेको बताए । वाई यू के कन्स्ट्रक्सनले उक्त खेल मैदान निर्माणका लागि माटो कटानमा र माटो व्यबस्थापनमा सहयोग गरेको छ ।

## गण्डकीमा थप ८३८ संक्रमित, १३ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ जेठ**

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप १५१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

कास्कीमा ५७ जना पुरुष तथा ९४ जना महिला गरी १५१ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ । पछिल्लो २४ घण्टामा प्रदेशमा २ हजार २४६ जनाको नमुना परीक्षण गरिएकोमा थप ८३८ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ ।

कास्कीका १५१ सहित म्याग्दीका ३६ जना, स्याङ्जाका १३३ जना, बाग्लुङका ११२ जना, पर्वतका ३४ जना, तनहुँका ५५ जना, गोरखाका १२७ जना, लमजुङका ७३ जना, नवलपुरका ११७ जना गरी प्रदेशका ९ जिल्लामा ४२३ पुरुष तथा ४१५ जना महिलामा कोरोना पुष्टि भएको हो । योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ४३ हजार ८३५ पुगेको छ । पछिल्लो २४ घण्टामा १३७२ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या ३३ हजार २५१ पुगेको छ ।

पोखराका अस्पतालहरुमा उपचाररत ५ जनासहित गण्डकी प्रदेशका थप १३ जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ । निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ७०७ पुगेको छ ।

मृतकहरु कास्की जिल्लाका ४ जना, तनहुँ जिल्लाका २ जना, स्याङ्जा जिल्लाका ३ जना, लमजुङ जिल्लाका २ जना र गोरखा जिल्लाका जिल्लाका २ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ ।

## दमौली अस्पताललाई अक्सिजन कन्सन्ट्रेटर

**पोखरापत्र संवाददाता**
**तनहुँ, १९ जेठ**

बतास फाउण्डेसनले दमौली अस्पताललाई रु.बीस लाख मूल्य बराबरको अक्सिजन उत्पादन मेसिन (अक्सिजन कन्सन्ट्रेटर) सहयोग गरेको छ ।

फाउण्डेसनका तर्फबाट मोहनकाजी बतासले दमौली अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा.सुनिल पौडेललाई उक्त मेसिन हस्तान्तरण गर्नुभएको हो । अक्सिजन कन्सन्ट्रेटर मेसिन प्राप्त भएसँगै कोरोनाका बिरामीलाई अक्सिजन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## उपचार खर्च सार्वजनिक गर्न मन्त्रालयको निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ जेठ**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सबै अस्पताललाई कोभिड-१९ का सङ्क्रमितको लागेको उपचार खर्च सार्वजनिक गर्न निर्देशन दिएको छ ।

मन्त्रालयका सात दिनभित्र अस्पतालले आफ्नो वेबसाइट र सूचना पाटीमा सबैले देख्ने गरी बिरामीको उपचार शुल्क सार्वजनिक गर्न निर्देशन दिएको हो । मन्त्रालयका गुणस्तर मापन तथा अनुगमन महाशाखा प्रमुख डा मदनकुमार उपाध्ययले सरकारी, निजी, सहकारी तथा सामुदायिक स्वास्थ्य संस्थालाई एक हप्ताभित्र आ-आफ्नो सञ्चालक समिति, बोर्ड र आधिकारिक निकायबाट निर्णय गराई सार्वजनिक गर्न निर्देशन दिनुभएको हो ।

मन्त्रालयले कतिपय स्वास्थ्य संस्थाले बिरामीको उपचारबापत चर्को शुल्क लिने गरेकाले शुल्क सार्वजनिक गर्न भनिएको उहाँले बताउनुभयो । "बिरामीको उपचार बापत लाग्ने रकमबारे जानकारी पाउने प्रत्येक नागरिकको अधिकार हो भने बिरामीको उपचार शुल्क सार्वजनिक र पारदर्शी गर्नु हरेक स्वास्थ्य संस्थाको कानूनी एवम् नैतिक कर्तत्व हो", उहाँले जारी गर्नुभएको सूचनामा भनिएको छ ।

साथै अस्पताल तथा स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवाको प्रकार र सोको लागत रकम शीर्षकसमेत उल्लेख गरी शुल्क सार्वजनिक गर्न मन्त्रालयले आग्रह गरेको छ । मन्त्रालयले बिरामीका लागि अत्यावश्यक प्राणवायु (अक्सिजन) को समेत अत्यधिक शुल्क लिएको, अनावश्यक परीक्षण गर्न लगाई बिरामीमाथि थप आर्थिक व्ययभार बढाएको, उपचारका लागि आवश्यक पने सामग्रीको बस्दोबस्त गर्न बिरामी आफैँलाई लगाउने गरेको, आवश्यकभन्दा बढी औषधि तथा स्वास्थ्य सामग्री खरीद गर्न लगाएको गुनासो प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय हेलो सरकारमार्फत र कतिपय गुनासा सामाजिक सञ्जाल आउने गरेको मन्त्रालयले जनाएको छ ।

## कोरोनाबाट निको हुने दर ८०.८ प्रतिशत

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ जेठ**

पछिल्लो समय कोरोना भाइरस (कोभिड १९) बाट निको हुने दर ८०.८ प्रतिशत पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा सात हजार २१९ जना कोरोनामुक्त भएका छन् । यस अवधिमा देशभर पाँच हजार ३१६ जना कोरोना भाइरस संक्रमित थपिएको मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले बताए । पिसिआर विधिबाट चार हजार ५२४ जना र एन्टिजेन विधिबाट ७९२ जनामा संक्रमण पुष्टि भएको हो । पछिल्लो २४ घण्टामा १३ हजार ८०५ जनाको नमूना पिसिआर र तीन हजार ७३ जनाको एन्टिजेन विधिबाट नमूना परीक्षण गरिएको थियो । हाल संक्रमण दर ३२.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । यसअवधिमा कोरोनाबाट १०१ जनाको मृत्यु भएको उनले सुनाए । योसँगै देशभर सक्रिय संक्रमितको सङ्ख्या एक लाख एक हजार ९९३ पुगेको छ । काठमाडौं उपत्यकामा आजमात्र एक हजार ४५६ जना संक्रमित थपिएका छन् । काठमाडौँ जिल्लामा ९६९, भक्तपुरमा १८१ र ललितपुरमा ३०६ जना कोरोना संक्रमित थपिएको मन्त्रालयले जनाएको छ ।

## पोखरा महानगरलाई अक्सिजन सिलिण्डर प्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ जेठ**

पोखरा चेम्बर अफ कमर्स कास्की र कास्की पोखरा समाज जापानले बुधबार पोखरा महानगरपालिकालाई अक्सिजन सिलिण्डर हस्तान्तरण गरेको छ । चेम्बरको तर्फबाट १० र समाजको तर्फबाट २० गरी ३० थान सिलिण्डर प्रदान गरिएको हो ।

चेम्बर अफ कमर्स कास्कीका अध्यक्ष किसान सुनार र कास्की पोखरा जापानका महिला उपाध्यक्ष अन्जु भण्डारीले महानगर प्रमुख मानबहादुर जिसीलाई सिलिण्डर हस्तान्तरण गरे । प्रमुख जिसीले अक्सिजन सिलिण्डरले कोभिडका बिरामीलाई उपचारमा सहयोग पुग्ने बताए । उनले महानगरले वडा नम्बर २७ को वडा कार्यालय साविक लेखनाथ नगरपालिकाको भवनमा कोभिड अस्पताल




सञ्चालन गरेको जानकारी दिए । महागनर १ सय बेडको अस्पताल निर्माण गरेको छ । अस्पतालमा २ करोड रुपैयाँ खर्च गरिएको छ ।

चेम्बरको एक व्यवसायी एक अक्सिजन सिलिन्डर अभियान समेत बुधबार समापन भएको छ । सिलिण्डर तथा आर्थिक संकलन अभियानमा अध्यक्ष किसान सुनार, वरिष्ठ उपाध्यक्ष गिता तिवारी गौतम,उपाध्यक्ष प्रेम भुजेल,प्रेम सुवेदी, टिका गुरुङ, जीवन तिवारी, डिल्ली पाण्डेले सुरु गरेका थिए ।

संस्थाले कोरोना महामारीका कारण अक्सिजन सिलिन्डर अभाबका कारण पिडितहरुले अकालमा ज्यान गुमाउनु परेको अबस्थालाई मध्यनजर गरि अभियान शुरु गरेको हो । पोखरा चेम्वर अफ कमर्स कास्कीका अध्यक्ष किसान सुनारले अभियान अन्तर्गत कास्की पोखरा समाज जापानको सहयोगमा पोखरा चेम्वरको समन्वयमा सात लाख रुपैया बराबरको ५० वटा सिलिन्डर उपलब्ध गराइसकेको छ ।

सो अवसरमा कास्की पोखरा समाज जापानका अध्यक्ष विश्व सुवेदी र सचिव राजु पौडेलले सहयोगी सबैलाई धन्यवाद दिएका छन् । विदेशमा रहँदा पनि मातृभूमिका लागि सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

जापानमा रहेर यस पुण्य कार्यमा सहयोग गर्ने सम्पूर्ण सहयोगी मनहरू र सिलिण्डर खरीद ब्यबस्थापनमा सहयोग गर्नुहुनेलाई धेरै धेरै धन्यवाद व्यक्त गरेका छन् ।



# कर छुट जरिवाना मिनाहा गर्न माग

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १९ जेठ**

स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघ स्याङ्जाले कोभिड-१९) को अवधिमा भएको बन्दाबन्दीको समयमा लाग्ने कर छुट र जरिवाना मिनाहा गर्नुपर्ने माग गरेको छ। संघले एक विज्ञप्ती जरी गर्दै कर छुट र जरिवाना मिनाहा गर्न माग गरेको हो।

लामो समयदेखि भएको बन्दाबन्दीले ठूला तथा साना उद्योगी व्यवसायी टाट पल्टने अवस्थामा पुगेको भन्दै संघले यस अवधिमा लाग्ने संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति र स्थानीय सरकारले लिने कर छुट गरी जरिवाना मिनाहा गर्न विषयगत मन्त्रालय र तीनै तहका सरकारसँग विज्ञप्ती मार्फत माग गरेको छ।

संघका अध्यक्ष रविन्द्रमान श्रेष्ठद्धारा जारी गरिएको विज्ञप्तीमा कोरोनाको पहिलो लहरमै आक्रान्त बनेका व्यवसायी दोस्रो लहरमा



थला परेको बताउँदै व्यवसायीको पिडामा कर छुट र जरिवाना मिनाहा गर्दा मलम लगाएको अनुभूति हुने बताईएको छ। "हामी व्यवसायी बैंकको किस्ता, व्याज र जरिवाना सहित व्यवस्थापकीय खर्च जुटाउन नसक्ने अवस्थामा पुगेका छौं।" संघका कोषाध्यक्ष खालिद मियाँले भने, "किस्ता, व्याज र व्यवस्थापकीय खर्च त दैनिकी हो, उता सरकारले कर र जरिवाना लगाउँदा व्यवसायी उठनै नसक्ने अवस्थामा पुग्ने निश्चित छ।" व्यवसायीको थप पिडा कम गर्न सरकारसँगै समयमै माग गरेको उनले बताए।

संघले कर छुट र जरिवाना मिनाहाका लागि स्थानीय प्रशासन मार्फत संघीय सरकार, अर्थ मन्त्रालय, स्वास्थ्य मन्त्रालय र नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण समेत गराएको छ। संघले व्यवसायीलाई लाग्ने कर छुट र जरिवाना मिनाहा गर्नका लागि नेपाल उद्योग वाणिज्य महासंघ र प्रदेश महासंघलाई समन्वय गर्न आग्रह गरेको छ।

विश्वमा माहामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणले नेपालको निजी क्षेत्र नराम्रोसँग प्रभावित भएको दाबी गर्दै संघले जारी गरेको विज्ञप्तीमा साना व्यवसायीले घरबहाल कर समेत तिर्न नसक्ने अवस्था आएको जिकिर गरिएको छ। विज्ञप्तीमा कोभिड बिरुद्धको खोप पाउने नागरिकको नैसर्गिक भएर पनि अग्रभागमा देखिने व्यवसायी पनि त्यो अधिकारबाट बञ्चित भएको दाबी गरिएको छ।

संघले खोपको व्यवस्थापन गर्न जोडदार माग गरेको छ। संघले जारी गरेर हस्तान्तरण गरेको विज्ञप्ती बुझ्दै जिल्ला प्रशासन कार्यालय स्याङ्जाका प्रशासकीय अधिकृत उज्वल बस्नेतले व्यवसायीको मागलाई सम्बोधन गर्न सरोकारवाला निकायलाई घचघच्याउँने विश्वास दिलाए।

# अक्सिजन प्लान्ट स्थापनार्थ भिन्तुना क्लव मार्फत रकम सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ जेठ**

बतास फाउण्डेशन को सक्रियातमा सुरु भएको अक्सिजन प्लान्ट स्थापना गर्ने अभियानमा पोखराको भिन्तुना क्लवले समेत सहयोग संकलन गर्न थालेसंगै क्लवमा रकम संकलन हुने क्रम जारी रहेको छ।

उक्त अभियानलाई सफल पार्न पोखरा–१, मोहोरियाटोल निवासि सम्झना बज्राचार्यको पुण्य स्मृतिमा एक लाख १ हजार ५ रुपैया सहयोग प्राप्त भएको क्लवले जनाएको छ।

कोभिड–१९ महामारी मा समयमा उपचार नपाएर तथा अक्सिजनको कमिका कारण धेरै मानिसले ज्यान गुमाउनु परेको दुःखत घडिमा सम्झना बज्राचार्यको स्मृति उनका श्रीमान



रबिन्द्रमान बज्राचार्य , छोरी सिना ,दृष्टि र छोरा अनुश बज्राचायबाट उक्त रकम प्राप्त भएको भिन्तुना युवा क्लव का अध्यक्ष राजन श्रेष्ठ बताए।

सामुदायिक अस्पताल पोखरा स्वाथ्य विज्ञान प्रतिष्ठानमा स्थापना हुने उक्त अभियानलाई थप सहयोग गर्न आफुहरुले सहयोग संकलन कार्यलाई जारी राखेको उनले जनाए। हालसम्म क्लव मार्फत करिब २ लाख ५० हजार रुपैया उक्त अभियानको लागि संकलन भएको अध्यक्ष श्रेष्ठले जनाए।

# विपत्मा जनतासँग जोडिन 'विपी विपत् कोष'

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ जेठ**

कोरोना महामारीसँगै आगामी दिनमा हुन सक्ने प्राकृतिक विपत्का बेला जनताको साथमा रहने प्रतिबद्धतासहित कास्की कांग्रेसले 'विपी विपत् कोष' निर्माण गने भएको छ।

नेपाली कांग्रेस कास्कीले विभिन्न आठ चरणमा गरेको छलफलपछि प्राप्त सुझावका आधारमा मङ्गलबार सम्पन्न बैठकले कोष निर्माण गर्ने निर्णय गरेको पार्टीका सभापति कृष्ण केसीले जानकारी दिनुभयो।

पार्टीका सबै क्रियाशील र शुभेच्छुकसँगबाट स्वेच्छिक आर्थिक सहयोग सङ्कलन गरी कोष निर्माण गरिने उहाँले जानकारी दिनुभयो। कोष निर्माणको अभियानमा पार्टीका नेता तथा कार्यकर्ता, क्रियाशील सदस्य, शुभेच्छुक, समर्थक गरी २५ हजारभन्दा बढी परिचालित हुने बताउँदै उहाँले यसका लागि पार्टीको क्षेत्र, प्रदेश, गाउँपालिका, वडा कार्यसमिति, भ्रातृ तथा शुभेच्छुक संस्था र विदेशमा रहनुभएका सबैलाई जुट्न आह्वान गरिएको बताउनुभयो।

नेपाली कांग्रेस कास्कीका प्रवक्ता नवीन सिग्देलका अनुसार कोषको सञ्चालन र व्यवस्थापनका लागि एउटा छुट्टै समिति बनाइने भएको छ। विपत्का बेला कसरी जनतासँग जोडिने भन्ने विषयमा नेपाली कांग्रेस कास्कीले कास्कीका ६ वटै प्रदेशसभा निर्वाचन क्षेत्र, शुभेच्छुक तथा भ्रातृ संस्था र उद्योग-व्यवसायीसँग छलफल गरेको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार अहिलेको कोरोना महामारी र वर्षा मौसमयामसँगै हुन सक्ने बाढीपहिरो जस्ता घटनामा धनजनको क्षति हुँदा जनतालाई सहयोग गर्ने उद्देश्यले कोष निर्माण गर्न लागिएको हो।

त्यस्तै, कोरोना सङ्क्रमणपछि मृत्यु भएका अति विपन्न परिवारलाई क्रिया खर्चका लागि सहयोग गर्ने, औषधिको अभावमा रहेका दीर्घरोगीलाई औषधि सहयोग गर्ने र भदौ २४ गते विपी जयन्तीको दिन अति विपन्न, दलित र अपाङ्गता भएका एक हजार जनालाई सहयोग गर्नेलगायत निर्णय गरेको प्रवक्ता सिग्देलले जानकारी दिनुभयो।

# कृषि वनमा परिणत हुँदै ठोट्नेखोला सामुदायिक वन

**– हरि बाँस्तोला**
**गण्डकी, १९ जेठ (रासस)**

वनको संरक्षण, प्रवर्द्धनका साथै उपयोग गर्दै आएका सामुदायिक वन समूहका उपभोक्ताले वनलाई आयआर्जनसँग जोड्ने अभियान थालेका छन्। वन ऐनले सामुदायिक वनभित्र उद्यम विकास, पर्यापर्यटन र कृषि वन विस्तारको ढोका खोलेपछि उपभोक्ताले वनबाटै रोजगारी सिर्जनासँगै आयआर्जन गर्न थालेका हुन्।

पोखरा महानगरपालिका-१८ सराङकोटस्थित ठोट्ने खोला सामुदायिक वन समूहले वन क्षेत्रभित्र नगदे बालीका रूपमा परिचित अलैंची, अदुवा, कुरिलो र गुर्जोको व्यावसायिक खेती थालेको छ।

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालको २६ औं स्थापना दिवसका अवसरमा सामुदायिक वनको ब्लक नं ४ र ५ अलैंचीका १२ हजार ४०० र अति उपयोगी गुर्जोका दुई हजार ६०० बिरुवा रोपिएको ठोट्ने खोला कृषि वन उद्यमशील समूहका अध्यक्ष दिनेश श्रेष्ठले जानकारी दिनुभयो। "कूल आम्दानीको १० प्रतिशत रकम वन समूहलाई दिने गरी वन उपभोक्ता समूहसँग २० वर्षे सम्झौता भएको छ", उहाँले भन्नुभयो, "दुईवटा ब्लकमा पहिलो पटक यस वर्ष अलैंचीका कूल २० हजार बिरुवा रोप्ने योजना छ।" उहाँका अनुसार कास्कीको मादी गाउँपालिका-२ ताङतिङबाट प्रतिबिरुवा रु १० का दरले खरीद गरिएको हो। वन क्षेत्रमा रोपिएका साउने र रामशाही जातका अलैंचीका बिरुवाले तीन वर्षदेखि उत्पादन दिने र उत्पादित अर्गानिक



अलैंचीको फल बिक्रीबाट वार्षिक रु २५ लाखभन्दा बढी आम्दानी गर्ने लक्ष्य समूहले लिएको छ।

सो उद्यमशील समूहले वनको ४ नं ब्लकमा यसअघि ३०० किलो ग्राम अदुवाको बीउसमेत लगाएको बताउँदै अध्यक्ष श्रेष्ठले अहिले पनि दैनिक २० जनाले प्रत्यक्षरूपमा रोजगार प्राप्त गरेको जानकारी दिनुभयो। अलैंचीका बिरुवा रोप्नका लागि तीन महिनादेखि खाल्टा खन्ने, झाडी फाँड्ने र खाल्टामा घरपालुवा जनावरको मल राखेर तयारी गरिएको समूहका उपाध्यक्ष जीतबहादुर तामाङले जानकारी दिनुभयो। कूल १९ जनाको समूहले शुरु गरेको आयमूलक कृषि वनमा सम्पन्न १० जनाले लगानी गर्नुभएको छ भने आठजनाले दैनिक ज्यालादारीमा काम गर्दै आउनुभएको छ। समूहको पनि कृषि वनमा शेयर रहेको उक्त सामुदायिक वन क्षेत्रमा यसअघि कुरिलो लगाएर थप आम्दानीको स्रोतसमेत बन्दै आएको उहाँको भनाइ छ। जङ्गलमा हुर्कोका रूखको छहारीमा सेपिलो पाखो, रातो माटो रहेको वन क्षेत्रभित्र लगाइएको अलैंचीले राम्रो उत्पादन दिने प्रचुर सम्भावना रहेको जिल्ला अलैंची उत्पादक कृषक सङ्घ कास्कीका अध्यक्ष जीतबहादुर बस्नेतले बताउनुभयो। "कास्की जिल्लाको अलैंची विश्व बजारमा गुणस्तरीय देखिएको कारण अन्यत्रको भन्दा प्रतिमन रु दुई हजारभन्दा बढी पर्ने गरेको अनुभव छ", उहाँले भन्नुभयो, "डिभिजन वन कार्यालय कास्कीले हस्तान्तरण गरेका जिल्लाका पाँच सयभन्दा बढी सामुदायिक वनलाई कृषि वनका रूपमा विकास गर्ने हो भने आयआर्जनका साथै निकासीको मुख्य आधार बन्ने विश्वास छ।"

कास्की जिल्लाका विभिन्न सामुदायिक वनको सात हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा अलैंची खेती गर्न उपयुक्त छ। गत आर्थिक वर्षमा मात्र तीन करोडभन्दा बढी मूल्यको सुकाएको अलैंची बिक्री भएको सङ्घका महासचिव सुरेन्द्रजङ्ग क्षेत्रीले जानकारी दिनुभयो। मादी गाउँपालिका-२ स्थित मादी हिमाल कृषि फार्मका सञ्चालकसमेत रहनुभएका उहाँका अनुसार एक वर्षमा चार लाखको अलैंचीको बिरुवा र १० लाखभन्दा बढीको प्रशोधित अलैंची बिक्री गरेको रु १४ लाख आम्दानी गर्न सफल भएको छ। यस वर्ष प्रतिकेजी अलैंची रु ५५० देखि एक हजारसम्म बिक्री भएको हो।

पछिल्लो समय कृषक व्यावसायिक अलैंची खेतीप्रति आकर्षित भए पनि बजार भाउ निश्चित हुन नसक्दा कहिलेकाहीं चिन्तित हुने गरेको बताउँदै उहाँले सरकारले अलैंचीको दर कायम गर्दै बजारको समेत व्यवस्था गर्ने हो भने निकासीको प्रचुर सम्भावना रहेको नगदेबालीबाट राज्यको अर्थतन्त्रमा समेत ठूलो योगदान पुग्दछ। वृक्षारोपण कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका केन्द्रीय सदस्यद्वय हरिप्रसाद बाँस्तोला र सरिता कुमाल, गण्डकी प्रदेश अध्यक्ष कालीदास सुवेदी, जिल्ला अध्यक्ष विश्वनाथ लामिछाने लगायतले वन ऐन, २०७६ ले वनको संरक्षणका साथै घुसुवाबाली लगाएर आयआर्जन गर्ने ढोका खुलेको धारणा राख्नुभयो।

सामुदायिक वन उपभोक्ता महासङ्घको 'एक वन एक उद्यम' अभियानअनुसार यस क्षेत्रका सामुदायिक वन समूहले अलैंची, अदुवा, बेसार, दाँते ओखर, स्याउ, चिराइतो, रतुवा, मुडे च्याउ, कागती, एभोकाडो, टिमुर, मरिज जस्ता नगदेबाली तथा जडीबुटीसँगै लप्सीको अचार, मिनरल वाटर लगायत उद्यमसमेत सञ्चालन गर्दै आएको छन्। उपभोक्ताले देखाएको उत्साहलाई मर्न नदिन सरकारी पक्षको पनि पहल महत्वपूर्ण हुने यस क्षेत्रका विज्ञको सामूहिक धारणा छ।

# लमजुङमा निषेधाज्ञा थप

**पोखरापत्र संवाददाता**
**लमजुङ, १९ जेठ**

जिल्लामा कोरोना सङ्क्रमण फैलिरहेकाले यस सङ्क्रमणको रोकथाम गर्न जिल्ला प्रशासन कार्यालयले जिल्लामा सात दिन थप निषेधाज्ञा थप गरेको छ। कोभिड व्यवस्थापन समितिको आज बसेको बैठकले निषेधाज्ञा थप गर्दै यही जेठ २७ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा थप गरेको हो।

जिल्लामा यसअघि जारी निषेधाज्ञा भोलि बिहीबार राति १२ बजे सम्पन्न हुँदैछ। सोही समयदेखि लागू हुने गरी आजको बैठकले निषेधाज्ञा उक्त समयसम्मका लागि लागू गरिएको प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुइँटेलले बताउनुभयो। उहाँले भन्नुभयो, "जिल्लामा कोरोना सङ्क्रमण व्यापक रुपमा फैलिँदै गइरहेकाले यसबाट नागरिकलाई बचाउनका लागि निषेधाज्ञा पुनः थप गरिरहेका छौं।"

सो बैठकले यस अवधिका मानिसहरुको आवतजावतलाई नियन्त्रण गर्नका लागि आवश्यक देखिएकाले बैंक, वित्तीय संस्था र सहकारी संस्थाहरु हप्तामा दुई दिन आइतबार र बिहीबार दुई/दुई घण्टा खोल्ने निर्णयलाई यथावत् राख्ने निर्णय गरेको बताइएको छ। त्यस्तै, जिल्लाभित्र सञ्चालन हुने ढुवानीका साधनलाई बेलुका ६ बजेदेखि बिहान ९ बजेसम्म र जिल्ला बाहिरबाट यस जिल्लामा प्रवेश गर्ने ढुवानीका साधनलाई बेलुका ७ बजेदेखि बिहान ६ बजेसम्म मात्र आवतजावत गर्न दिने निर्णय पनि यथावत रहेको जिल्ला प्रशासनले जनाएको छ।

जिल्लामा गत वैशाख २८ गतेदेखि करिब एक/एक हप्ता गर्दै जारी निषेधाज्ञा तेस्रोपटक निषेधाज्ञाको म्याद थप गरेको हो। जिल्लामा हालसम्म एक हजार ११४ जना कोरोना सङ्क्रमित पुगेको छ। त्यस्तै हालसम्म १७ जनाको मृत्यु भइसकेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

## दमौली ...

दिन सहज भएको छ। अस्पतालमा कोरोना सङ्क्रमितको उपचार भैरहेकाले उपचार सहज बनाउन लागि फाउण्डेसनले सो सहयोग गरेको हो।

यसैगरी नेपाल पत्रकार महासंघ तनहुँ शाखाले स्थापना गरेको कल्याणकारी कोषमा दमौलीका मोहनकाजी बतासले रु.पाँच हजार सहयोग गर्नुभएको छ। बतासले यसअघि महासंघ तनहुँ शाखाको भवन निर्माणमा समेत सहयोग गरेका थिए। त्यसैगरी कोषमा म्याग्दे गाउपालिका-७ निवासी श्रीभद्र आचार्यले रु.दुई हजार पाँच सय सहयोग गर्नुभएको छ। कोषमा रु.६० हजार बढी र कम सङ्कलन भैसकेको र सहयोग आउने क्रम जारी रहेको महासंघका अध्यक्ष उज्जवल पौडेलले बताए।

यस्तै घरको छतबाट खस्दा दुबै खुट्टा भाँच्चिएर हाल काठमाडौं बि एण्ड बि अस्पतालमा उपचार गरिरहेकी सुनिता डोटेल भण्डारीको उपचारको लागि हालसम्म रु.३५ हजार सङ्कलन भैसकेको छ।


त्यसैगरी प्रेस युनियन तनहुँले सुनिताको उपचारको लागि रु.५१ हजार सहयोग गर्न लागेको युनियनका अध्यक्ष अमरराज नहर्कीले बताए।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ।
–चाणक्य

## सम्पादकीय

# एकताको लागि लचकता देखाऊ

विभाजनको डिलमा पुगिसकेको नेकपा एमालेलाई दोस्रो तहका नेताहरूले जोगाउन खोजेका छन । एमाले विधिवत विभाजन नभएपनि एकताबद्ध गर्न खोज्नेहरु अपमानित हुने अवस्था छापार्टी एकता जोगाउन लचकता अपनाउनुपर्छ भन्नेहरुलाई अनैतिक, निर्लज्ज हुन भन्ने गरिएको छ। एकताको लागि पहल गर्नेलाई भरोसा नभएका, आयाराम गयाराम भन्ने उपमा एमाले बरिस्ठ नेता माधवकुमार नेपालबाट आउनु राम्रो संकेत होइन । आफ्नै पार्टीको प्रधानमन्त्री हटाएर प्रतिपक्षी दलको नेतालाई प्रधानमन्त्री बनाउन नेतृत्व गरेका पुर्व प्रधानमन्त्री नेपाल र झलनाथ खनाल लगायत ११ जनालाई गरिएको कार्वाही फिर्ता लिन संस्थापन पक्ष लचिलो देखिएको छ।

एमालेले आफ्ना १२ नेतालाई स्पष्टीकरण सोधेको एक साता नाघे पनि कुनै निर्णय गरेको छैन। ती नेताले स्पष्टीकरणको जवाफ दिएका छैनन् । तर, स्थायी कमिटीको मंगलबार बसेको बैठकले पनि यस विषयमा निर्णय नलिई मिलन विन्दु खोजेको छ। एमाले नेतृत्व माधवकुमार नेपाल पक्षका नेतालाई कारबाही गरिहाल्नेभन्दा पनि अन्तिम समयसम्म एकताको प्रयास गर्ने पक्षमा देखिएको छ। पार्टी प्रवक्ता प्रदीप ज्ञवाली एकताका लागि हदैसम्म लचिलो हुने वताएका छन । मिलाउनकै लागि स्पष्टीकरण सोधिएका १२ नेताको कारबाही प्रक्रिया रोकिएको छ। नेतृत्व लचिलो बन्दा भुलाउनका लागि हो भन्ने, कार्वाही गर्न खोज्दा फुटाउने योजना भन्ने गरेका छन। एमालेमा अनुशासन , मुल्य, मान्यता तोड्नेको ठुलो स्वर,पार्टी अनुशासनको कुरा गर्ने दविएर बस्नुपर्ने अवस्था छ। 'धेरै साथी मूलधारमा जोडिनुहोस्', भनेर , 'बडो गर्वका साथ देउवालाई प्रधानमन्त्री बनाउने, आफ्नो पार्टीका नेतालाई हराउने कुरा गर्नुभएकाहरु पनि फर्किनुभयो राम्रो नै हुन्छ। पार्टी प्रबक्ता प्रदीप ज्ञवालीको भनाइले संस्थापन कति लचिलो छ भन्ने देखाउँछ। पार्टी एकता जोगाउन बनेको १० सदस्यीय कार्यदलका केही सदस्य पार्टीबाट निष्कासनमा परेकाले कार्यदल भने अस्तित्वमा छैन ।कार्यदलमा रहेका नेताहरूले अनौपचारिक वार्ता गरेका छन। मिल्ने चाहना भए कार्यदल पुनर्गठन हुन सक्नेछ। सुरेन्द्र पाण्डे, घनश्याम भुसाल, सोमप्रसाद पाण्डे, विरोध खतिवडा, यज्ञबहादुर सुनारलगायतलाई जेठ १० मा स्पष्टीकरण सोध्ने निर्णय भएको थियो।

वरिष्ठ नेताद्वय नेता माधवकुमार नेपाल, झलनाथ खनाल, भीम रावलसहित ११ जनालाई स्पष्टीकरण सोधेको दुई दिनमै निष्कासन गरिएको थियो । नेपालसहित नेतालाई जेठ ८ मा स्पष्टीकरण सोधेर १० गते पार्टी सदस्यसमेत नरहने गरी कारबाहीको निर्णय भएको थियो। एमाले नेताहरूले स्पष्टीकरण सोधिएका घनश्याम भुसाल, सुरेन्द्र पाण्डेलगायत नेतासँग संवाद गरिरहेका छन् । एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल पक्षका दोस्रो तहका नेताहरूबीच सोमबार साँझ चार घन्टा छलफल भएको थियो। दरबारमार्गस्थित एक होटलमा भएको वार्ता एकता कसरी गर्ने भन्नेमा केन्द्रित भएको थियो। उक्त वार्तामा नेपाल पक्षबाट घनश्याम भुसाल, सुरेन्द्र पाण्डे, गोकर्ण विष्ट र योगेश भट्टराई सहभागी थिए।

ओलीबाट विष्णु पौडेल, सुवास नेम्वाङ र प्रदीप ज्ञवाली सहभागी थिए। एमाले प्रवक्ता ज्ञवालीले दुई पक्षबीच छलफल भएको विषय स्वीकार गर्दै एकताको अन्तिम प्रयास जारी रहेको स्पष्ट पारेका छन । 'एकताको अन्तिम प्रयासस्वरूप छलफल भइरहेको छ',। 'सकेसम्म एकता जोगियोस् भन्नेमा नेतृत्व तहबाट अन्तिम समयसम्म जारी रहने भनेरै स्थायी कमिटीले बैठक स्थगित हुँदै आएको छ। देशभरिका कार्यकर्ताको भावना र जनमतको कदर गरेर एकताको लागि लचकता देखाउनु आवश्यक छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : ब्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : मानसिक तनाब | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शारिरीक झमेला |
| कन्या | : कार्यमा सफलता | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# हाल कांग्रेसले लिनुपर्ने जिम्मेवारी

युव राज खनाल, पोखरा



अभावले पढाउदो रहेछ , अनि समयले सिकाउदो रहेछ। अब कांग्रेस सबल हुनुपर्छ र यसका लागि पूर्ण रूपमा पुनर्जागरण अत्यावश्यक छ । जनाधारको व्यापक विस्तार हुनुपर्छ। आम जनतामाझ सत्ताधारी दलले छरेको भ्रमको पर्दालाईच्यात्न आवश्यक छ । अनिमुलुकमा लोकतान्त्रिक मूल्यमान्यताले जरा गाड्नेछ । त्यो अवस्थामा मात्र नेपाल समृद्ध र सुखी राष्ट्र हुन सक्छ। वर्तमान सरकारको मूल्य, मान्यता, संस्कार र मार्गचित्रबाट त्यो पूरा हुन सक्तैन जसका कारण आजको परिस्थिति सृजना भएको छ ।

ने क पा एमालेको सरकार गठन पश्चात् प्रधानमन्त्री के पि ओलि आफू पानी माथिको ओभानो बन्दै उहाँका वरिपरि घुम्नेहरु बाट सेटिङ मिलाएर संस्थागत भ्रष्टाचार, असुरक्षा र लोकतान्त्रिक संस्थामाथिको आक्रमणलाई बढाएको छ। जसका जल्दाबल्दा उदाहरण दिनहुँका घटनाले बताई रहेका छ्न । जनतालाई लक डाउनको खोरमा मात्रै राखेर त्यसको बिकल्प दिन नसक्ने निरीह सरकार कोभिट का बिरामीलाई सेवा गर्ने ती जिउदा भगवान माथी आक्रमण गर्ने नर पिचासहरुको संरक्षक बनेको छ। यो समयमा काङ्ग्रेसले आफूलाई सशक्त र जनताका भावनाहरूलाई हिजोका दिनमा भन्दा अझ प्रभावकारी ढंगबाट प्रतिनिधित्व गर्ने पार्टीमा रूपान्तरण गर्नुपर्छ , सरकार र सरकारको सरक्षणमा भए गरेका नालायक कार्यको घोर निन्दा र भर्सना गर्दै यस्ता कुराहरू जन स्थर सम्म पुर्याउन आजको आबश्यकता देखिन्छ। तर नेपाली काङ्ग्रेस आफै भित्रका कयौं कमजोरीलाई एक पटक फर्केर हेरि अगाडि बढ्नु पर्छ । यसका लागि पार्टी नेतृत्वले दुईतीन काम गर्नुपर्ने टट्कारो आबश्यकता देखिन्छ । पहिलो, नेतृत्व वर्गले पार्टीको आन्तरिक जीवनमा मौलाएको व्यक्तिवादी प्रवृत्तिलाई अन्त्य गर्नुपर्छ सक्नु पर्छ।

पार्टी, पार्टीको विचार र जनतालाई केन्द्रविन्दुमा राख्न सके काङ्ग्रेस बलियो हुनु नपर्ने, जनाधार विस्तारित हुनु नपर्ने कुनै कारण छैन । व्यक्तिलाई केन्द्रविन्दुमा राख्ने परिस्थितिलाई उल्टाउन सके पार्टी बलियो हुन्छ। पार्टी बलियो हुँदा नै हामी सबै बलियो हुने हो। हामी व्यक्तिगत रूपमा बलियो भएर पार्टी बलियो हुँदैन। यस विषयमा पार्टीका सबै तहका नेतृत्वले विचार गर्नु आवश्यक छ जस्तो लाग्छ ।

अहिले प्रारम्भिक सदस्यसँगसँगै क्रियाशील सदस्यताहरूलाई टुङ्गो लगाएर महाधिवेशनको बाटामा पुग्ने र महाधिवेशन सम्पन्न भइसक्दा काङ्ग्रेस अत्यन्त सशक्त र सुस्पष्ट दृष्टिकोणका साथ अगाडि बढ्ने पार्टीका रूपमा रूपान्तरण गर्ने चुनौती छ, त्यो गर्न सकिन्छ। किन कि आउदो भदौमा महाधिवेशन जुन सुकै हालतमा सम्पन्न गर्नु पर्छ ।

महाधिवेशनसम्मको छोटो समयलाई विगतका कमीकमजोरी र ढिलाइलाई पनि क्षतिपूर्ति गरी पार्टीका विभागलाई पूर्णता दिने, पुनःसंरचित संरचनाहरूलाई पूर्णता दिने, भ्रातृ र शुभेच्छुक संस्थालाई पूर्ण क्रियाशील बनाउने एवं अधिवेशन नभएका सङ्गठनहरूको अधिवेशन सकेर ती संगठनलाई आ-आफ्ना अधिकार क्षेत्रमा अघि बढाउन सके सबै तह र तप्काकाहरुलाई जिम्मेवार थपिने त्यसले पार्टीलाई मजबुत बनाउने छ। अनि स्थानीयदेखि केन्द्र सरकारसम्मका बदमासी, कमजोर लोकतान्त्रिक संस्था, संस्थागत भ्रष्टाचार र जनताका दैनिक सरोकारका विषयलाई निरन्तर रूपमा पार्टीको गतिविधी र कार्यक्रमको महत्त्वपूर्ण हिस्सा बनाइरहनुपर्छ ।

सरकार ठीक बाटामा हिँडेको छैन, तर काङ्ग्रेसले पनि लिनुपर्ने जिम्मेवारी लिन तयार नभएको हो कि भन्ने आम आशंका छ। जनताको यस्तो सन्देहलाई पूर्ण रूपमा अन्त्य गर्ने कुरो नै अहिले पार्टीको सर्वाधिक महत्त्वपूर्ण अजेन्डा बन्नुपर्छ।संसद्मा पनि पार्टीको संसदीय नेतृत्वले जनसरोकारका विषयका विधेयक, अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकार, व्यक्तिको सम्पत्तिमाथिको अधिकार, परराष्ट्रसँग जोडिएका विषयहरूमा जीवन्त बहस र सरकारका गलत क्रियाकलापविरुद्ध सशक्त प्रस्तुतीलाई सँगसँगै लानुपर्छ ।

अहिले हेर्दा जानेबुझेका जो कोहीले पनि सहज बुझ्न सक्छ , सभसद को काम के ? सत्तारूढ पार्टीको भएर प्रस्तावको पक्षमा टेबुल ठटाउने विपक्षी भए कुर्सी उचाल्ने र फाल्ने , कठै मेरो देश। बहस र ठिक बेठिक कुरानै हुदैनन । प्रधानमन्त्री ओलि जि तनाशाहका रुपमा बिधेक पारित गराउन तल्लिन हुनु हुन्छ , त्यो प्रवृत्ति बाट विधेक पारित गर्ने हो भने सभासदहरु किन चाहियो ?

यस्ता प्रवृत्तिको भन्डाफोर गर्न पार्टीले क्रियाशीलता बढाउनु पर्दछ। पार्टी र संसद् दुवै मोर्चामा सशक्त प्रस्तुतीमार्फत काङ्ग्रेस जनताको सच्चा प्रतिनिधि रहेको र आजका दिनसम्म लोकतान्त्रिक मूल्यमान्यताको धरोहर बन्दै आएको विषय नै आम रूपमा बुझाउन जरुरी छ। काङ्ग्रेस केन्द्रीय समिति र केन्द्रीय नेतृत्व त्यो बाटामा उन्मुख हुनु पर्छ ।

हाल केन्द्रीय समिति बैठकमा धेरै विषय सौहार्दपूर्ण तरिकाले अगाडि बढेका छन् । अधिकांश निर्णय सहमतिमा निष्कर्षमा पुगेका छन् । यद्यपि समग्र रूपमा आमसहमति खोज्दा विभाग निर्माणदेखि भ्रातृ संगठनसम्मलाई क्रियाशील गराउने निर्णयमा ढिलाइ भएको हुन र अब त्यसलाई थाती राखी प्रथमतः अधिबेशनमा केन्द्रित हुनु पर्ने देखिन्छ। तर सहमतिका साथ अघि बढ्ने परिपाटीले पार्टी नेतृत्व पङ्क्तिलाई एक ठाउँमा उभ्याउने बाटो खोलेको छ ।

अब ढिला नगरीकन पार्टी नेतृत्व एकीकृत हुनुपर्छ। त्यो पनि कुनै कठिन छैन । लामो इतिहास बोकेको देशकै पुरानो र परिपक्व पार्टीको आफ्नो बिधान छ त्यही बिधानको छत्रछायामा रहेर चलेमा कुनै विवाद रहने छैन र हुने छैन। पार्टी भित्र गुनासा, चासो र चिन्ताहरूलाई लिएर नेपाली काङ्ग्रेसजस्तो लोकतान्त्रिक पार्टीमा निर्धक्क बहस हुनुपर्छ र पार्टी यन्त्रभित्र भइरहेको पनि देखिन्छ। तर, त्यो संयन्त्रभित्रै रहनुपर्छ । त्यसले एउटा निष्कर्ष निकालिसकेपछि पार्टीका तमाम जिम्मेवार नेताहरूले सार्वजनिक ठाउँमा त्यसलाई अन्यथा बहसको विषय बनाउँदा कार्यकर्ता द्विविधामा पर्ने, आम जनता किंकर्तव्यविमूढ हुने गरेका छन त्यस तर्फ नेतृत्वले सोच्नै पर्छ । र, यस्तो परिस्थितिले सङ्गठन विस्तार एवं आउदो निर्वाचन एकल रूपमा जित्ने हाम्रो लक्ष्य पूरा हुन सक्तैन । यश दिशातर्फ सम्पूर्ण नेतृत्व पङ्क्ति सचेत हुनुपर्छ। हाल नेताहरूमा यस्तो सचेतना बढेको देखिन्छ , तर पूरै सोचेजस्तो भएको भने देखिदैन। जुन सचेतना बढ्नुमा कार्यकर्ता पङ्क्तिको योगदान धेरै छ।

कार्यकर्ता पङ्क्तिले पार्टी नेतृत्व तहलाई एकअर्काको निन्दा नगर्न र विमतिका कुरा लिएर कार्यकर्तामाझ नआउन दबाव दिएको दिइरहनु पर्छ। केन्द्रीय समितिमै बहस गरेर निस्किएको निष्कर्ष सार्वजनिक रूपमा आफूहरूसमक्ष लिएर आउन उनीहरूले नेतृत्व पङ्क्तिलाई आग्रह गरेका गर्नु पर्छ । यसबाट अतिशयोक्तिपूर्ण तरिकाबाट सार्वजनिक स्थानमा अभिव्यक्ति दिने प्रवृत्ति कम हुँदै लैजानु पर्छ। यसले पार्टीलाई केन्द्रविन्दुमा राखेर अगाडि बढ्ने सोचसहितको प्रवृत्ति विकसित हुने विश्वास गर्न सकिन्छ।

अहिले काङ्ग्रेस माथी ठूलो जिम्मेवार थपिएको छ। संविधानको संरक्षण गर्ने , कोभीट बाट प्रभावितलाई राहत दिने , आफ्नो पार्टीमा शुद्धिकरण गर्ने । तसर्थ यस विषम परिस्थितिलाई मनन गरि काङ्ग्रेस अगाडि बढोस सुबेक्षकहरुको यहि चाहाना छ ।

# डायलासिस गर्ने मिर्गौला पीडितलाई रगत अभाव

पोखरापत्र संवाददाता
दमौली, १९ जेठ

सदरमुकामस्थित दमौली अस्पतालमा रहेको मिर्गौला उपचार केन्द्रमा रगत अभाव हुँदा मिर्गौला पीडितलाई डायलासिसका लागि समस्या भएको छ। कोरोना कहर र निषेधाज्ञाका कारण जिल्लामा रक्तदानका कार्यक्रम नहुँदा रगत अभाव भएकाले डायलासिस गर्नुपर्ने मिर्गौला पीडित मारमा परेका हुन्।

नियमितरूपमा डायलासिस गराउँदै आएका मिर्गौला पीडित रगत खोज्न आफै हिँड्नुपर्ने अवस्था आएको छ । मिर्गौला उपचार केन्द्रका इन्चार्ज शैलेन्द्र पण्डितले निषेधाज्ञाका कारण रक्तदान नहुँदा उपचार केन्द्रमा रगत अभाव भएको जानकारी दिनुभयो । "पहिला पहिला नियमित रक्तदान हुँदा समस्या हुन्थेन, अहिले रगत अभाव भएपछि समस्या भएको छ", उहाँले भन्नुभयो, "मिर्गौला पीडित आफैँले रगत खोज्नुपर्ने अवस्था आएको छ ।" कतिपय मिर्गौला पीडितले पोखरासम्म पुगेर रगत ल्याउने गरेका छन् भने कतिपयले आफन्त वा चिनेजानेका व्यक्तिलाई रक्तदानका लागि ल्याउने गरेका छन्। "दमौलीमै भएका आफन्त वा साथीभाई आएर पनि रक्तदान गरिदिनुहुन्छ, कोही नपाएको खण्डमा भने पोखरा पुगेरै रगत ल्याउनुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो।

व्यास नगरपालिका-४ का अब्दुल गफ्फार मियाँले रगत अभाव हुँदा आफूहरूलाई समस्या परेको बताउनुभयो। "निषेधाज्ञा अगाडि त समस्या थिएन, तर अहिले निषेधाज्ञा भएपछि समस्या पर्‍यो", उहाँले भन्नुभयो। केन्द्रमा हाल दैनिक ६३ जनाले डायलासिस गराइरहेका छन्। विसं २०७२ साल मङ्सिर ३ गते देशभरका जिल्ला अस्पतालमध्ये दमौली अस्पतालमा पहिलो पटक डायलासिस केन्द्र स्थापना भएको थियो । केन्द्रले हालसम्म २५ हजारभन्दा बढी पटक डायलासिस सेवा प्रदान गरेको छ। केन्द्रमा नौ वटा डायलासिस गराउने उपकरण रहेको छ।

### आकस्मिक रक्तदान

मिर्गौला उपचार केन्द्रमा डायलासिस गराउँदै आएका एक मिर्गौला पीडितलाई रासस दमौली प्रतिनिधिको समन्वयमा रगत उपलब्ध गराइएको छ। रगत अभाव भएको जानकारी गराएपछि रासस प्रतिनिधिको समन्वयमा उहाँलाई रगत उपलब्ध गराइएको हो।

व्यास-३ निवासी योगिता श्रेष्ठले मिर्गौला पीडितका लागि रगत उपलब्ध गराउनुभएको छ । पुण्य कामका लागि रगत दिन पाउँदा आफूलाई पनि खुशी लागेको श्रेष्ठले बताउनुभयो । "रक्तदान जीवनदान हो, सबैले रगत चाहिएकालाई सहयोग गरौँ", उहाँले भन्नुभयो।

# पत्रकार महासंघ म्याग्दीद्वारा आपत्कालीन कोष स्थापना

पोखरापत्र संवाददाता
म्याग्दी, १९ जेठ

नेपाल पत्रकार महासंघ जिल्ला शाखा म्याग्दीले आपतकालीन कोष स्थापना गरेको छ।

शाखा अध्यक्ष प्रकाश पौडेलको अध्यक्षतामा आज बसेको बैठकले प्राकृतिक प्रकोप, दुर्घटना, महामारी र जटिल रोगबाट प्रभावित पत्रकारहरुलाई सघाउने उद्देश्यले कोष स्थापना गरेको हो। आजै शाखाका पदाधिकारी, सदस्य र सल्लाहकारहरुबाट कोषमा रु. एक लाख रुपैयाँ भन्दा बढी सहयोग प्राप्त भएको कोषाध्यक्ष अमित विश्वकर्माले जानकारी दिनुभयो। "पत्रकारका लागि पत्रकारहरुकै सहभागीतामा कोष स्थापना गरिएको हो", अध्यक्ष पौडेलले भन्नुभयो, "कोषको रकम बढाउँदै लैजाने र व्याजबाट आवश्यकताका आधारमा कार्यविधि अनुसार पत्रकारहरुलाई सहयोग गर्छौं ।" कोष परिचालन र सञ्चालन सम्बन्धी कार्यविधि तयार पार्न शाखाका सचिव सन्तोष गौतम, सहसचिव प्रमोद शर्मा र सदस्य सुदर्शनकुमार श्रेष्ठलाई जिम्मेवारी तोकिएको छ । विपद्, दुर्घटना, महामारी र जटिल रोगबाट प्रभावित हुने पत्रकारलाई आकस्मिक रुपमा स्वास्थ्य उपचारमा सहयोग गर्ने उद्देश्यले कोष स्थापना गरिएको अध्यक्ष पौडेलले बताउनुभयो। शाखाका उपाध्यक्ष हरिकृष्ण गौतमले नयाँ कार्यसमितिको अल्पकालिन र दिर्घकालिन कार्ययोजना अनुसार पहिलो चरणमा आपतकालिन कोष स्थापना भएको बताउनुभयो।

बेनीमा मिडिया सेन्टर सञ्चालनको तयारी गरेको महासंघले बेनी नगरपालिकाले भाडामा उपलब्ध गराएको चार आना जग्गामा भवन निर्माणका लागि आर्थिक स्रोत जुटाउन प्रक्रिया अघि बढाएको छ। पत्रकारहरुको पेशागत सुरक्षा, क्षमता र सिप विकासका लागि तालिम सञ्चालन गर्ने, हितकोष स्थापना र पत्रकारिता पुरस्कारको अक्षयकोष बनाउने योजना बनाएको छ।

# टोलटोलमा उपकरण, हात हातमा मास्क

पोखरापत्र संवाददाता
बागलुङ, १९ जेठ

कोरोनाका सङ्क्रमित, बिरामी र ज्यान गुमाउने बढेपछि काठेखोलाका विभिन्न वडाका घरघरमा मास्क, टोलटोलमा थर्मलगन र अक्सिमिटर अभियान चलाइएको छ।

सङ्क्रमितका घरघरमा कोरोना किटका रूपमा सबै प्रकारका औषधि र स्वास्थ्य सामग्री वितरण गरिएको छ । जनप्रतिनिधि, गाउँका सामाजिक अगुवा, व्यवसायी र विदेशमा रहेका युवाको सहयोगसमेत जुटाएर ती सामग्री वितरण गरिएको हो।

स्वास्थ्य सामग्री हरेक घरमा पुग्ने गरी दिइएको वडा नं १ का अध्यक्ष खड्ग थापाले बताउनुभयो । "हामीले आफ्नो कोषमा दातासमेत खोजेर जुटाएको रकमबाट स्वास्थ्य सामग्री दिएका हौँ", थापाले भन्नुभयो, "अत्यावश्यक पर्ने सिटामोलदेखि अन्य औषधि, स्यानिटाइजर र मास्क पनि दिएका हौँ।"

सङ्क्रमितले घरमै प्राथमिक उपचार पाउने, परिवारका सबै सदस्य स्वस्थ्य रहने अवसरका लागि सामान दिएको उहाँले बताउनुभयो। लेखानी र बिहुँमा भने स्थानीय तथा विदेशका युवाले पठाएको रकम परिचालन गरेर सामग्री वितरणलाई व्यापक बनाइएको छ । स्वास्थ्यकर्मीले पनि घरघरमा स्वास्थ्य परामर्श दिन थालेको वडाध्यक्ष चित्रकला छन्त्यालले बताउनुभयो । कोरोना महामारी बढेपछि चिन्तित गाउँलेहरू सहयोग पाएर खुशी भएका छन् । "घरमै आएर स्वास्थ्यकर्मी, पत्रकार र रेडक्रसका पदाधिकारीले भेट गर्नुभयो",सिगानाकासङ्क्रमितले भन्नुभयो, "परामर्शसहित औषधि पायौँ, डर पनि हटेको छ।" धेरै सङ्क्रमित भेटिएका काठेखोला, बडिगाड गाउँपालिका र बागलुङ नगरपालिकाका वडा तहमा यो अभियान चलेको हो । सहयोग जुटाएर हरेक घरमा ५० थान मास्कसहित सामग्री वितरण गरिएको नेपाल रेडक्रस सोसाइटी बागलुङका कोषाध्यक्ष श्रीधर कँडेलले बताउनुभयो । कोरोना सङ्क्रमितमध्ये ज्वरो, रुघाखोकी मात्र नभई कतिपयलाई बान्ता, पखाला र शरीर दुख्ने समस्या देखिएको थाहा पाएपछि स्वास्थ्यकर्मीकै उपस्थितिमा आवश्यक औषधिको जोहो गरिएको उहाँले बताउनुभयो।

स्वास्थ्यकर्मीले सङ्क्रमितको अवस्था हेरेर भिटामिन सी, जिङ्कचक्की, पकेट स्यानिटाइजरलगायत सामग्री दिएका छन्। बडिगाडका युवाले सङ्क्रमितको उपचार तथा आइसोलेशन सञ्चालनका लागि लाखौँ रकम जुटाएका छन् । औषधि खरीददेखि सङ्क्रमितलाई अस्पताल लैजाने काममा पनि युवाको अगुवाइमा भएको स्थानीय राजन पाइजाले बताउनुभयो। "हामी सङ्क्रमित भए पनि परिवारमा नपुगोस् भनेर घर जान सकेको छैन", पाइजाले भन्नुभयो, "अझै सङ्क्रमणलाई नियन्त्रणमा लिने प्रयास भइरहेको छ।"

# सुरक्षा मापदण्ड अपनाउँदै विकास योजना सञ्चालन

**पोखरापत्र संवाददाता**
**दमौली, १९ जेठ**

कोरोना कहरका कारण तनहुँमा गत वैशाख २२ गतेदेखि निषेधाज्ञा जारी छ। निषेधाज्ञाका क्रममा निजी क्षेत्रका निर्माणका काम रोकिएपनि सरकारीतर्फका आयोजना भने नियमित सञ्चालन भइरहेको छ । जिल्ला सङ्कट व्यवस्थापन केन्द्रले स्वास्थ्य मापदण्ड अपनाएर विकास योजना सञ्चालन गर्न अनुमति दिएको छ।

निषेधाज्ञामा स्वास्थ्य मापदण्ड अपनाएर विकास निर्माणका काम धमाधम सञ्चालन भइरहेको छ। तनहुँ निर्वाचन क्षेत्र नं २ (२) मा गण्डकी प्रदेश सरकारको सहयोगमा विभिन्न आयोजना सञ्चालनमा छन् । गण्डकी प्रदेश सरकारका अर्थमन्त्री किरण गुरुङको निर्वाचन क्षेत्रमा विभिन्न ठूला आयोजनाहरू सञ्चालन भइरहेका छन्। यस क्षेत्रमा सञ्चालन भइरहेका योजनाहरूको अनुगमन गरिएको मन्त्री गुरुङका स्वकीय सचिव रामकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार सञ्चालन भइरहेका निर्माण कार्य सन्तोषजक रूपमा अगाडी बढिरहेको छ । यस क्षेत्रमा भिमाद ऋषिङ सडक, शालिग्राम करिडोर, मानपुर डेढगाउँ सडक, बरनछाङ्गा-धावादी/बरनछाङ्गा-बराहापानी, भागर भिमाद सडक, किहुँ बडरभञ्ज्याङ बजार क्षेत्र सडक, लुम्बास-ढाकर्दी सडक, भिमकाली सडक, भिम गोफा सडक, कटहरे-डुम्रीवेशी सडक, कामधेनु मावि छात्रावास भवन, फेदीखोला सडक पुल, लोकतान्त्रिक साँघुकोमुख पुल र काठेकोट अत्रौली सडक योजना सञ्चालनमा छ।

तनहुँको भीमाद नगरपालिका-५ ऋषिङपाटन र ऋषिङ गाउँपालिका-८ पल्ट्याङ जोड्ने फेदीखोलामा रु तीन करोड ५८ लाख ३१ हजार नौ सय ८० को लागतमा पुल निर्माण भइरहेको पूर्वाधार विकास कार्यालय तनहुँका प्रमुख ओमराज ढुङ्गानाले जानकारी दिनुभयो। पुल निर्माणका लागि विसं २०७७ असार २६ गते चितवनस्थित केबिसी बिल्डर्स कम्पनी प्रालिसँग सम्झौता भएको थियो । २५ मिटर लामो पुलको चौडाई ८.४ मिटर रहनेछ । ६ मिटरमा गाडी गुड्ने र दायाँबायाँ १.४/१.४ को पेटी निर्माण हुनेछ। उक्त पुल विसं २०७८ पुस २५ गतेसम्म सम्पन्न गर्ने म्याद छ। गण्डकी प्रदेश सरकारले गौरवको योजनाको रूपमा सूचीकृत गरेको मानपुर-डेढगाउँ-बुलिङटार सडकमा पनि काम भइरहेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत् रु २२ करोड ८५ लाख ४१ हजार सात सय ९३ को लागतमा उक्त मार्ग कालोपत्रे हुनेछ।

तनहुँको घिरिङ गाउँपालिका-४ मानपुरबाट शुरु भएर डेढगाउँको सीमानासम्मको एघार किलोमिटर खण्डमा सडक कालोपत्रे हुनेछ। विसं २०७८ फागुन ७ गतेसम्म सम्पन्न गर्ने म्याद रहेको सडकखण्डमा आधुनिक प्रविधिको अल्फास्ट कालोपत्रे गरिनेछ। उक्त सडकको चौडाई सात मिटर रहनेछ भने साढे पाँच मिटरको कालोपत्रे र सडकमा एक मिटरको नाला निर्माण हुनेछ । निषेधाज्ञाकै अवधिमा निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम अन्तर्गत शुक्लागण्डकी-१ काठेपिपलमा सामुदायिक भवन निर्माण सम्पन्न भएको छ। प्रदेशसभा सदस्य आशा कोइरालाको पूर्वाधार विकास कार्यक्रमको रु पाँच लाख बजेट परेको उक्त भवनमा उल्लेख्य जनश्रमदानका कारण लक्ष्य भन्दा बढी काम भएको पाइएको छ। शुक्लागण्डकी-२ स्थित भुलभुले बाराही मोटर मार्गमा रु ६ लाखको लागतमा एक सय ९७ मिटर पक्की नाला निर्माणको काम अन्तिम चरणमा पुगेको छ।

शुक्लागण्डकी-६ स्थित जनसेवा मोटरमार्ग, शुक्लागण्डकी-७ स्थित शहीद गीता मार्गको पक्की नाला निर्माण, शुक्लागण्डकी-८ स्थित डहरे सामुदायिक भवन, शुक्लागण्डकी-१२ स्थित जामुनेफेदी सामुदायिक भवनको लक्षित काम सम्पन्न भएका छन्। शुक्लागण्डकी-८ लालिम स्थित खेलमैदान र शुक्लागण्डकी-२ स्थित शहीद स्मृति पार्कमा प्रतिमा निर्माणको काम प्रारम्भिक चरणमा छ। यसैगरी शुक्लागण्डकी-११ स्थित राजपुर माध्यमिक विद्यालयको कम्पाउण्ड निर्माण र शुक्लागण्डकी-१० स्थित देउराली सामुदायिक भवन निर्माणको काम द्रुतगतिमा अघि बढेको छ । उधारो तथा सापटी रकममा योजना सम्पन्न गरिसकेका उपभोक्ताहरूलाई भुक्तानीमा समस्या नहोस् भनेर निषेधाज्ञाको समयमा पनि सुरक्षा मापदण्ड पालना गरेर कामलाई निरन्तरता दिइएको प्रदेशसभा सदस्य कोइरालाले बताउनुभयो।

# विकासले फेरियो जीवन : बटौलीको नुन र चितवनको चामल आफ्नै आँगनमा

**– ध्रुवसागर शर्मा**
**गलेश्वर, १९ जेठ**

म्याग्दीको रघुगङ्गा गाउँपालिका-८ कुनइेमङ्गलेका दलबहादुर छन्त्याल ८३ वर्षको हुनुभयो। उमेरले उमेरले आठ दशक पार गरे पनि गाउँले स्वच्छ खानपानले गर्दा उहाँ अझै हट्टाकट्टा हुनुहुन्छ। आफ्नै रहनसहन र भाषा बोल्ने छन्त्याल निकै हँसिलो हुनुहुन्छ। उहाँले जीवनका अधिकांश समय गाईभैंसी र भेडाबाख्राको गोठालो गरेरै बिताउनुभयो।

उहाँसँग जीवनमा भोगेका अनेकौं अनुवभ छन्। उतिबेला दलबहादुरले भोगेका कैयौं अनुभव अहिले आफैंलाई नौलो लाग्छन्। उहाँले भोगेका सयौं अनुभवमध्ये एउटा यस्तो अनुवभव छ जुन उहाँ कहिल्यै भुल्नु हुन्न। पन्ध्र दिनको पैदल यात्रा गरेर बुटवल पुगेर नुन बोकेर उपभोग गरेको अनुभव उहाँको मानसपटलमा अझै ताजै छ। उहाँले यो दुःख चाहेर पनि भुल्न सक्नुहुन्न । दुर्गम गाउँ । त्यसमाथि पनि सरकारी निकायको ध्यान कम पुगेको गाउँ । विकासका कुनै पनि पूर्वाधारले नजोडिएको अवस्थामा गरेका अनेकौं सङ्घर्षपछि बल्ल अहिले गाउँसम्म बिजुली बत्ती र सडक पुगेको छ।

गाउँमा यसरी मोटर गाडी गुड्ला, बिजुली बत्तीले गाउँ घर झिलिमिली होला भन्ने उहाँले कहिल्लै कल्पना गर्नुभएको थिएन तर अहिले गाउँघरमै सररर गाडी गुड्दा, बिजुली बत्तीले झिलिमिली हुँदा छन्त्याल दङ्ग हुनुहुन्छ। छन्त्याल मात्रै होइन गाउँमै सडक गाडी, बिजुली,स्वास्थ्यचौकी, विद्यालयलगायतका विकासका पूर्वाधाहरू पुगेपछि यहाँको बासिन्दाको खुसीको सीमा नै छैन।

सडक बनेर गाडीमार्फत बुटबल र चितवनलगायतका ठाउँबाट घरदैलोमै खाद्यान्नलगायतका आवश्यक चिज आउन थालेपछि उमेरले ७० वसन्त पार गरेका यहाँका वृद्धवृद्धाहरूले विकास भनेको कस्तो हुँदोरहेछ भन्ने कुरा महसुस गर्न पाएका छन् । गत फागुनमा दग्नामको अक्करे भीरलाई फोरेर दर्मिजा, चिमखोला र कुइनेमङ्गलेसम्म गाडी पुगेपछि यस क्षेत्रका बासिन्दाको जीवनमा खुसीयाली छाएको हो ।“हाम्रो ठाउँमा यस्तो विकास होला भन्ने त मैले कहिल्यै सोचेको थिइनँ, तर अहिले त हेर्नुस् गाडी सररर चल्छन्, बिजुली बत्ती पनि थिएन त्यतिबेला, हामीले त सिठा र दियालो बालेर उज्यालो गराउँथ्यौं, अहिले बिजुलीले झिलिमिली छ, एक दिन लाइन आएन भने अन्धकारमा बसे जस्तो हुन्छ”, कुइनेमङ्गलेका अर्का वृद्ध फबहादुर छन्त्यालले मुस्कुराउँदै भन्नुभयो, “बटौलीमा गाडी देख्दा डराउँथ्यौं, अहिले त के को डराउनु अल्ली तल जानु पर्‍यो भने हिँड्नै मन लाग्दैन, गाडीमै जाने भन्ने हुन्छ, गाडी नहुँदा, कोसौं टाढा हिँडियो, अहिले सुविस्ताले गर्दा दुई/चार पाइला हिँड्न पनि गाह्रो लाग्छ।”

उहाँले जिल्ला सदरमुकाम बेनी बजार आउजाउ गर्न एक साता लागेको सुनाउँदै तत्कालीन समयमा यहाँका जनताले निकै दुख पाएको बताउनुभयो । “कागज पत्रको काम गर्न बेनी जानुपर्थ्यो, उतिबेला गाडीको बाटो आएकै थिएन, हिँड्दै जानु पर्थ्यो, यहाँबाट हिँडेर बेनी पुग्दा दुई दिन, फर्किँदा दुई दिन लाग्थ्यो, बाटोमा चोर लाग्ने गर्थे, निकै डर पनि हुन्थ्यो, आइमाई केटाकेटीलाई झन् धेरै समस्या हुन्थ्यो”, छन्त्यालले भन्नुभयो, “अहिले त बिहान सररर गाडीमा गयो, साँझ खाना खान घरै आइन्छ, यस्तो सुविस्ता होला भन्ने त कसले सोचेको थियो होला र ?”

उहाँले अहिले गाउँगाउँमा मोटर गाडी आउन थालेपछि १५ दिन लगाएर नुन ल्याउनु पर्ने बाध्यता हटेको भन्दै यसले आफ्नो चोली फेरिएको जस्तो भएको बताउनुभयो। “पहिलेको दुःखलाई सम्झिँदाखेरि त अहिले जुनी फेरिएको जस्ता लाग्छ, पहिलो कस्ता थिए ती दिन ?, अहिले कस्तो भयो ?, उतिबेला भोगेको दुःखलाई सम्झिँदा अहिले त कथा जस्तो लाग्छ”, छन्त्यालले भन्नुभयो “अहिले त सबथोक छ, के छैन ?, उति बेला घ्यू बोकेर १५/१५ दिन लगाएर बटौली पुगेर नुन, चामल बोकेर आउने दिन गए, अहिले त घरमै जे भन्यो त्यही एकै छिनमा आउँछ ।” छन्त्यालले आफूले गाईभैंसी गोठमा धेरै समय बिताएको भन्दै अबका पुस्ताले आफूहरूको बिँडो नथाम्ने चिन्ता व्यक्त गर्नभयो । “मैले जन्मेको पाँच/छ वर्षदेखिनै गाईभैंसीको गोठालो गर्न थालेको हूँ, हाम्रो जमानामा पढ्ने लेख्ने भन्ने केही थिएन, अहिले त, जन्मिने बित्तिकै पढ्न जान्छन्”, उहाँले भन्नुभयो, “यस्तो पढ्ने लेख्ने केटाकेटीले के गाई, भैंसी, भेडाबाख्राको गोठोले गर्थे ?, अब पछिपछि त यो गाईभैंसी भन्ने पनि पाइँदैन कि क्या हो।”

गलेश्वरदेखि कुइनेमङ्गलेसम्म ३६ किलोमिटर सडकको ट्र्याक निर्माण भएर गाडी गुड्न थालेपछि यहाँका स्थानीयवासीले यस्तो सुविधा पाएका हुन् ।अक्करे पहाड अजिङ्गर भिरमा रोकिएको सडकलाई तीनवर्षको प्रयासपछि स्थानीय सरकारका साथै प्रदेश, सङ्घ रजलविद्युत्निर्माणगर्नेकम्पनीहरूसँगको साझेदारीमा सडकको ट्र्याक खुलेको हो । विसं २०६७ देखि सडक निर्माण थालिएकोमा टुक्रे बजेटका कारण लामो समय लागेर सडक निर्माणले पूर्णता पाएको वडा नम्बर ४ का वडाध्यक्ष रुकबहादुर गर्बुजाले बताउनुभयो । यस सडक सञ्जालले यस क्षेत्रका करिब पाँच हजार जनसङ्ख्या प्रत्यक्षरूपमा लाभान्वित बनेका छन्।

खच्चड र मानिसले नै बोकेर खाद्यान्नलगायतका सामान ढुवानी गर्दै आएका स्थानीयबासी सडकले सिधा सम्पर्क जोडिएसँगै गाउँमा उत्पादन हुने उपजलाई सहज बजारीकरणमा सुविधा पुग्ने भएपछि उत्साहित बनेका छन्।

यस क्षेत्रमा उत्पादन हुने आलु, सिमीलगायतका कृषि उपज र भेडाबाख्राको बजारीकरणमा सडक सञ्जालले टेवा पुऱ्याउने अपेक्षा गरिएको वडा नम्बर ८ का वडाध्यक्ष गमान छन्त्यालले बताउनुभयो । उहाँले धौलागिरि आइसफल पदमार्ग र रिखार क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्नसमेत सडकले सघाउने बताउनुभयो। आर्थिक वर्ष २०७४/०७५ देखि हालसम्म यस सडकखण्डमा रु १८ करोडभन्दा बढी बजेट खर्च भएको रघुगङ्गा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले जानकारी दिनुभयो।

# अस्थायी कोभिड अस्पताल सञ्चालनको तयारी

**पोखरापत्र संवाददाता**
**गोरखा, १९ जेठ**

बारपाक सुलिकोट गाउँपालिकाको बारपाकमा नौ शय्या क्षमतासहितको अस्थायी कोभिड अस्पताल सञ्चालन गरिने भएको छ।

गाउँपालिकाले कोभिडका बिरामीको आपत्कालीन उपचारका लागि बारपाकमा अस्थायी कोभिड अस्पताल सञ्चालन गर्न लागेको गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो । “सङ्क्रमितलाई आपत्कालीन उपचार गरिहाल्नुपर्ने अवस्था आए अन्यन्त्र सुविधा सम्पन्न अस्पतालमा पुऱ्याउनुअघि आवश्यक उपचारको व्यवस्था मिलाउनका लागि अस्थायी अस्पताल सञ्चालन गर्न लागिएको हो”, उहाँले भन्नुभयो, “अस्पतालमा चिकित्सक, स्टार्फ नर्स तथा हेल्थ असिस्टेन्टसहितको स्वास्थ्यकर्मीको टोली रहने गरी अस्पताल सञ्चालनको तयारी अन्तिम चरणमा पुगेको छ ।” बारपाकमा एकै ठाउँमा कोरोना सङ्क्रमणदर उच्च भएकाले पनि त्यहाँका नागरिकको स्वास्थ्य सुरक्षाका लागि अस्थायी कोभिड अस्पताल निर्माण नगरी नहुने अवस्था भएकाले गृहकार्य शुरु गरिएको अध्यक्ष भट्टको भनाइ छ।

अस्थायी कोभिड अस्पताल निर्माणका लागि जिल्लास्तरीय कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रलाई आवश्यक जनशक्ति उपलब्ध गराउन आग्रह गरिएको र केन्द्रले पनि केही जनशक्तिको उपलब्ध गराइसकेको अध्यक्ष भट्टले जानकारी दिनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. १९९१/04/0५ गते

स्वर्गारोहणः वि.स. २0७८/0२/0८ गते

**स्वः रत्नलाल श्रेष्ठ**

शितलादेवी टोल विकास संस्था, पोखरा-१२ का कार्य समिति सदस्य दिपेन्द्र श्रेष्ठका हजुरबुबा एवं बलमान श्रेष्ठ/उत्तरमान श्रेष्ठका पुजनीय पिता **रत्नमान श्रेष्ठ** को असामयिक निधनले हामी अत्यन्तै दुःखी, मर्माहत भएका छौं। यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति श्री शितलादेवी माताले प्रदान गरुन भनी प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

**लोक बहादुर गुरुङ**
**अध्यक्ष एवं**
**शितलादेवी टोल विकास संस्था परिवार**
**पोखरा-१२**


# संक्रमण नघट्दा निषेधाज्ञामा कडाइ

**पोखरापत्र संवाददाता**
**बागलुङ, १९ जेठ**

जिल्ला प्रहरी कार्यालयले निषेधाज्ञालाई थप कडाइ गर्न थालेको छ। जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या ९०० नघटेको भन्दै जिल्ला प्रशासनले निषेधाज्ञामा थप कडाइ गर्न निर्देशन दिएपछि अहिले बागलुङ जिल्ला सदरमुकाममा प्रहरीको बाक्लो उपस्थिति छ।

प्रहरीले अत्यावश्यक कामबाहेक बजार डुल्ने व्यक्तिलाई होल्ड गर्ने, रु एक सय जरिवाना तिराउने जस्ता कार्य गर्दै आएको छ। प्रहरीले पहिलो चरणमा कोरोना नियन्त्रणका लागि घरमै बस्न आग्रह गरेर पठाउने गरेकामा पछिल्ला दिनमा सर्वसाधारणबाट निषेधाज्ञाको उल्लङ्घन गर्ने काम तीव्र भएपछि प्रहरीले १० मिनेट होल्ड गर्ने र पटक-पटक निषेधाज्ञा उल्लङ्घन गर्नेलाई रु एक सयको जरिवाना गर्ने गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब निरीक्षक इकवाल हवारीले जानकारी दिनुभयो। अत्यावश्यक कामबाहेक एक जिल्लाबाट अर्को जिल्लामा पुग्ने नाका, मुख्य सडक तथा भित्री सडकमा प्रहरीले चेकजाँचमा थप कडाइ गरेको हवारीले बताउनुभयो। बागलुङमा सक्रिय सङ्क्रमितको सङ्ख्या नघट्नुमा निषेधाज्ञाको पालना नभएको भन्ने गुनासो आएपछि प्रहरी सक्रिय भएर लागेको छ। नक्कली पास बोक्ने, पासका आधारमा यात्रु बोक्ने, तीव्र गतिमा सवारी चलाउने, एक व्यक्तिका नाममा भएको पास अर्को व्यक्तिलाई दिनेलगायत निषेधाज्ञा उल्लङ्घनका घटनालाई ट्राफिक प्रहरीले निगरानी तथा सवारी नियम उल्लङ्घन र जाँचका साथै कारबाहीसमेत गरिरहेको प्रहरीको भनाइ छ।

# संकटमा सामाजिक संघसंस्थाको सहयोग

**–कृष्ण न्यौपाने**
**दमौली, १९ जेठ**

कोभिड-१९ को प्रभाव तनहुँ जिल्लामा पनि परेको छ। कोभिड जोखिम न्यूनीकरणका लागि तनहुँमा गत वैशाख २२ गतेदेखि निषेधाज्ञा जारी छ। निषेधाज्ञाका कारण सबै क्षेत्र अस्तव्यस्त छ।

मजदूरी गरेर खाने विपन्न परिवारलाई सकस छ । गर्भवती, सुत्केरीलाई स्वास्थ्य संस्थासम्म जान समस्या छ । कोरोना कहरकै बीचमा जिल्लास्थित केही सङ्घसंस्था भने सामाजिक उत्तरदायित्व वहनमा लागेका छन्। तनहुँ उद्योग वाणिज्य सङ्घ, जेसीआई व्यास नगर, जेसीआई शुक्लागण्डकी, नेपाल रेडक्रस सोसाइटी तनहुँलगायतका सङ्घसंस्था आफूले सकेको सहयोग गरिरहेका छन्।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसबाट सङ्क्रमित जटिल अवस्थाका बिरामीलाई अक्सिजनको आवश्यकता छ । अक्सिजनको अभावमा कतिपय सङ्क्रमितले ज्यान गुमाउन पनि परेको छ । अक्सिजनको महत्व कति हुन्छ भन्ने अनुभव यसको अभावमा ज्यान गुमाएको सङ्क्रमित परिवारका सदस्यले बताउने गरेका छन्।

कोरोना सङ्क्रमित कसैले पनि अक्सिजनको अभावमा मृत्युवरण गर्न नपरोस् भन्दै शुक्लागण्डकी जेसीजले आइसोलेशनलाई अक्सिजन सहयोग गरेको छ। जिपी कोइाला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र बेलचौताराको आइसोलेशनलाई २५वटाठूलोसिलिन्डरमाअक्सिजन भरेर सहयोग गरेको शुक्लागण्डकी जेसीजका अध्यक्ष कृष्णबहादुर श्रेष्ठले बताउनुभयो । संस्थाको सामाजिक उत्तरदायित्व वहन गर्दै सहयोग गरेको उहाँको भनाई छ । पोखरास्थित कालिगण्डकी अक्सिजन प्रालिबाट अक्सिजन भरेर ल्याइएको हो।

कोरोनाले मुलुक सङ्कटमा फसेका बेला नियन्त्रणका लागि सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्ने उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, “सक्नेले आर्थिक सहयोग गरौं । नसक्नेले घरमै बसेर निषेधाज्ञाको पालना गरी कोरोना नियन्त्रणका लागि सघाउ पुऱ्याउँ।” यो समयमा अक्सिजनको ठूलो महत्व रहेको अस्पतालका कार्यकारी निर्देशक डा. रामकुमार श्रेष्ठले बताउनुभयो। अस्पतालमा रहेको आइसोलेशनलाई सरकारसँगै सामाजिक संघसंस्थाले पनि अक्सिजन सहयोग गर्न थालेको उहाँले बताउनुभयो।

वैशाख तेस्रो साता अस्पतालले आइसोलेशन सञ्चालनमा ल्याउँदा ८ वटा ठूलो र २४ वटा सानो अक्सिजनको सिलिन्डर थियो । डा.श्रेष्ठका अनुसार हाल ४८ वटा ठूलो अक्सिजनका सिलिन्डर थपिएका छन् । दोस्रो लहरको कोरोनाको महामारी फैलिएपछि तनहुँका १० वटै स्थानीय तह मिलेर निर्माण गरिएको भवनमा अस्पतालले ३० शय्याको आइसोलेशन सञ्चालनमा ल्याइएको छ । प्रत्येक शय्यामा अक्सिजनको पाइप जडान गरिएको छ। जिपीको आइसोलेशनमा हाल २६ जना सङ्क्रमित उपचाररत छन् । श्वासप्रश्वासका समस्या भएर अक्सिजन दिनुपर्ने अवस्थाका सङ्क्रमितलाई मात्रै यहाँको आइसोलेशनमा राख्ने गरिन्छ। तनहुँ उद्योग वाणिज्य सङ्घले दमौली अस्पताललाई अक्सिजन सिलिन्डर हस्तान्तरण गरेको छ । कोरोना सङ्क्रमितको उपचारमा सहयोग पुऱ्याउन सङ्घले अस्पताललाई छ थान सिलिन्डर हस्तान्तरण गरेको हो । सङ्घले स्थापना गरेको कोभिड सङ्कट व्यवस्थापन महाअभियानमार्फत् अस्पताललाई अक्सिजन सिलिन्डर हस्तान्तरण गरिएको सङ्घका अध्यक्ष पविन्द्रकुमार श्रेष्ठले जानकारी दिनुभयो । सङ्घले केही दिन अगाडि दमौली अस्पताल, जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्र, कालीभञ्जन गण (इ) लाई स्वास्थ्य सामग्री समेत सहयोग गरेको थियो। दमौली अस्पतालका मेडिकल सुपरिटेण्डेट डा. पौडेलले अक्सिजन सिलिन्डर प्राप्त भएपछि सङ्क्रमितको उपचारमा सहयोग पुग्ने बताउनुभयो । सङ्घले खडा गरेको कोषमा देश तथा विदेशबाट सहयोग जुटिरहेको छ। सोही कोषबाट प्रशासन कार्यालयको समन्वयमा सङ्घले २५ थान अक्सिजन सिलिन्डर खरिद गरेर ल्याएको छ । जेसीआई व्यास नगरले अप्ठ्यारोमा परेकालाई निःशुल्क यातायात सेवा उपलब्ध गराएको छ। निषेधाज्ञाका कारण एम्बुलेन्स नपाएका र समस्यामा परेका गर्भवती, सुत्केरी लगायतलाई जेसीआई व्यास नगरले निःशुल्क यातायात सेवा उपलब्ध गराएको हो । अभियान शुरु भएको दुई दिनमा नै जेसीआइले दुई जना महिलालाई सेवा दिइसकेको छ। गर्भवती भएर पोखरा जानुपर्ने भानु-६ निवासी अस्मिता अधिकारीलाई जेसीआई व्यास नगरले उद्धार गरी पोखरा पुऱ्याएको छ। दमौली अस्पताल आइपुग्नुभएकी उहाँलाई अस्पतालले पोखरा जान भनेपछि दमौलीस्थित अनसन चौतारामा अलपत्र परेको जानकारी पाएपछि उद्धार गरिएको जेसीआई व्यास नगरका अध्यक्ष लक्ष्मीभक्त खनालले जानकारी दिनुभयो।

खनालले गर्भवती, सुत्केरी तथा अप्ठ्यारोमा परेका सबैलाई यातायात सेवा दिने बताउनुभयो। क्लबका पदाधिकारी अनुप दाहालले आफ्नो साधन निषेधाज्ञा अवधिभर उपलब्ध गराउनुभएको छ।